# स्थानीय राजपत्र


| अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड २ | संख्या १ | मिति ............ |


भाग २

## अर्जुनचौपारी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# “नागरिकलाई टेवा घर-घरमा स्वास्थ्य सेवा” कार्यक्रम यातायात खर्च वितरण निर्देशिका-२०८१

अर्जुनचौपारी गाउँपालिका भित्रका जेष्ठ नागरिक, असहाय, अशक्त, दिर्घरोगीहरुलाई निज व्यक्तिको टोल वा घरमै गएर आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यलाई व्यवस्थित र नियमित रुपमा सञ्चालन गर्न, वान्छनीय भएकोले अर्जुनचौपारी गाउँपालिकामा यो निर्देशिका बनाइ लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

यस निर्देशिकाको नाम “नागरिकलाई टेवा घर-घरमा स्वास्थ्य सेवा कार्यक्रम यातायात खर्च वितरण निर्देशिका-२०८१” रहेको छ ।

यो निर्देशिका अर्जुनचौपारी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “कार्यपालिका” भन्नाले अर्जुनचौपारी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्नेछ।

(ख) “ज्येष्ठ नागरिक” भन्नाले ६० वर्ष वा सो भन्दा बढी उमेर भएका अर्जुनचौपारी गाउँपालिकाभित्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(ग) “असहाय” भन्नाले निज व्यक्तिको घरमा विभिन्न विसम अवस्थामा स्याहार-सुसार गर्ने वा हेरचाह गर्ने व्यक्तिहरु नभएको अवस्थाका व्यक्तिहरु भनेर सम्झनु पर्दछ ।

(घ) “दीर्घरोगी” भन्नाले विभिन्न खाले रोगहरु जुन रोगहरुलाई व्यक्तिलाई कालान्तरसम्म रहिरन्छन, त्यस्ता रोगबाट पिडित व्यक्ति भनि सम्झनु पर्दछ ।

(ङ) “नागरिकलाई टेवा, घर-घरमा स्वास्थ्य सेवा कार्यक्रम” भन्नाले अर्जुनचौपारी गाउँपालिका भित्रका जेष्ठ नागरिक, असहाय, अशक्त, दिर्घरोगीहरुलाई निज व्यक्तिको टोल वा घरमै गएर मासिक रुपमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यलाई सम्झनु पर्दछ ।

(च) “यातायात खर्च” भन्नाले नागरिकलाई टेवा, घर-घरमा स्वास्थ्य सेवा कार्यक्रम मा खटिने स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकालाई उपलब्ध गराइने यातायात बापतको खर्च रकमलाई बुझाँउछ ।

(छ) “स्वास्थ्यकर्मी” भन्नाले नागरिकलाई टेवा घर-घरमा स्वास्थ्य सेवा कार्यक्रममा खटिने पारामेडिक्स र नर्सिङ कर्मचारीलाई जनाउँछ।

(ज) “महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका” भन्नाले नागरिकलाई टेवा घर-घरमा स्वास्थ्य सेवा कार्यक्रममा खटिने पारामेडिक्स र नर्सिङ कर्मचारीलाई सहयोगको लागि खटिने महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका भनेर सम्झनुपर्नेछ।

३. कार्यक्षेत्र : अर्जुनचौपारी गाउँपालिकाका सबै वडाहरु ।

४. लक्षित समुह :

- अर्जुनचौपारी गाउँपालिका भित्रका पारामेडिक्सहरु।
- अर्जुनचौपारी गाउँपालिका भित्रका नर्सिङ कर्मचारीहरु ।
- अर्जुनचौपारी गाउँपालिका भित्रका महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरु ।

५. उद्देश्यहरु :

(क) अर्जुनचौपारी गाउँपालिकामा रहेका जेष्ठ नागरिक, असहाय, अशक्त, दिर्घ रोगीहरुलाई निज व्यक्तिको टोल वा घरमै गएर मासिक रुपमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ख) "नागरिकलाई टेवा, घर-घरमा स्वास्थ्य सेवा कार्यक्रम"लाई व्यवस्थित बनाउने ।

(ग) नागरिकलाई टेवा, घर-घरमा स्वास्थ्य सेवा कार्यक्रममा खटिने स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाको प्रोत्साहन गरी मनोबल उच्च बनाई सफल कार्यसम्पादनको लागि सहयोग गर्ने ।

(घ) नागरिकलाई टेवा घर-घरमा स्वास्थ्य सेवा कार्यक्रमलाई मासिक रुपमा सञ्चालन गरि नियमितता प्रदान गर्न सहयोग पुर्याउने।

(ङ) आधारभुत स्वास्थ्य सेवा प्राप्त गर्ने नैसर्गिक अधिकार सुनिश्चित गर्न सहयोग पुर्याउने।

६. दफा ५ का उद्देश्यहरु प्राप्तिको लागि प्रदान गरिने यातायात खर्च प्रदान गर्दा तपसिल बमोजिमका प्रक्रियाहरु अपनाइनेछ।

क. हरेक महिना सञ्चालन गरिने नागरिकलाई टेवा घर-घरमा स्वास्थ्य सेवा कार्यक्रमको कार्य विभाजन हरेक महिनाको मासिक कार्य योजनामा उल्लेख गरिएको हुनुपर्नेछ।

ख. कार्यक्रम सञ्चालन गर्दा हरेक महिनाको १ दिन साबिकको वडा (हालको टोल) मा सञ्चालन गरेको हुनुपर्नेछ।

ग. सेवा प्रदान गर्दा कुनै टोलको केन्द्र पर्ने गरि सञ्चालन गर्नुपर्नेछ।

घ. माथि उल्लेखित ज्येष्ठ नागरिक, असहाय, अशक्त, दीर्घरोगीहरुलाई निजको घरमै गएर सेवा दिनुपर्नेछ।

ङ. हरेक महिनाको मासिक समिक्षामा उक्त महिनामा प्रदान गरिएको सेवाको मासिक प्रतिवेदन उपलब्ध गराउनुपर्नेछ।

७. दफा २ को उपदफा (च) बमोजिमको यातायात खर्च उपलब्ध गराउँदा प्रति व्यक्ति प्रति टोल रु.१५०/- को दरले स्वास्थ्यकर्मी (पारामेडिक्स र नर्सिङ १-१ जना) र महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविका १ जना गरि हरेक टोलमा ३ जनाको दरले मासिक रुपमा उपलब्ध गराइनेछ।

८. संशोधन वा खारेज गर्न सक्नेः

यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन, हेरफेर वा खारेजी गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।